# **E**lectronic **B**enefit **T**ransfer **(EBT)**
# **(विद्युतीय सुविधा ट्रान्सफर)**
## ***न्यू हैम्पशायरमा* Cash Benefits (नगद सुविधाहरू)**
## **(टिप्पणी: यो सूचनापत्र Food Stamps (फुड स्ट्याम्पस) मा लागू हुँदैन)**

EBT कार्डमा Food Stamp तथा Cash सुविधा गरि दुवै सुविधाहरू हुन्छन् । केही व्यक्तिहरू कुनै एक सुविधाको लागि मात्र योग्य हुन सक्छन् भने अरूहरू दुवै सुविधाहरूका लागि योग्य हुन सक्छन् ।

### ***के तपाईंलाई थाहा छ कि...***

**तपाईंले आफ्नो नगद अनुदानलाई निश्चित स्थानहरूमा प्रयोग गर्न सक्नुहुन्न ? आफ्नो EBT कार्डमा हुने नगद अनुदानलाई वा आफ्नो EBT कार्डबाट नगद निकाल्नको लागि EBT कार्डलाई निम्न स्थानहरूमा प्रयोग नगर्नुहोस्:**

- 50% भन्दा बढी देख्न सकिने सूची रक्सीजन्य पदार्थ भएको स्टोरहरूमा;
- बिंगो खेलाउने लगायत जुवा खेलाउने स्थानहरूमा;
- मनोरञ्जनात्मक गाँजाका औषधालयहरूमा;
- धुम्रपानका पसलहरू वा सिगार स्टोरहरूमा;
- डामेर चिन्ह बनाउने/ अङ्गच्छेदन/टाटु बनाउने पसलहरूमा; वा
- वयस्क मनोरञ्जन वा 50% भन्दा बढी देख्न सकिने सूची वयस्क-लक्षित मनोरञ्जन भएको स्टोरहरूमा ।

### ***हामी तपाईं र तपाईंको परिवार सुरक्षित तथा स्वस्थ होस् भन्ने चाहन्छौं । कृपया आफ्नो सुविधाहरूलाई जीवन उपयोगी वस्तुहरू खरिद गर्नको लागि प्रयोग गर्नुहोस् ।***

तपाईंको नगद अनुदानको उद्देश्य तपाईं र तपाईंको परिवारलाई निम्न कुराहरूका लागि सहयोग गर्नु हो:

- खाद्यान्न
- आवास
- तपाईंको घरलाई तातो राख्नका लागि इन्धन
- तपाईंको कारको लागि ग्यास
- बाल स्याहार
- चिकित्सकीय तथा प्रेस्कृप्सन गरिएका औषधीहरूको भुक्तानीहरू (co-pay), र
- जीवन उपयोगी अन्य वस्तुहरू

### ***सजायहरू***

आफ्नो EBT कार्डमा हुने आफ्नो नगद अनुदानलाई माथि सूचिकृत स्थानहरूमा प्रयोग नगर्नुहोस् । यदि तपाईंले त्यसो गरेमा निम्न सजाय हुनेछ:

- पहिलो पटकको कसूर: तपाईंको अनुदानको तपाईंको हिस्सालाई 1 महिनाको लागि स्थगित गरिनेछ;
- दोस्रो पटकको कसूर: तपाईंको अनुदानको तपाईंको हिस्सालाई 2 महिनाको लागि स्थगित गरिनेछ; र
- तेस्रो पटक वा त्यसपछि हुने कुनैपनि कसूर: तपाईंको अनुदानको तपाईंको हिस्सालाई 3 महिनाको लागि स्थगित गरिनेछ ।

प्रश्नहरू ? कृपया 1-844-275-3447 (1-844-ASK-DHHS) मा फोन गर्नुहोस् ।

TTY/TDD पहुँच: रिले NH 1-800-735-2964 वा 711

RSA 167:7-B र He-W 608.02